# भविष्यको सङ्क्रमण स्थितिअनुसार अपनाइने उपायहरू

## फुकुओका कोरोना चेतावनीको समीक्षा

●चिकित्सा संस्थालाई बिरामीको बेड तयार पार्न अनुरोध गर्ने मापदण्डको रूपमा ″फुकुओका कोरोना चेतावनी″ निर्धारण गरिएको थियो। तर अब यसलाई प्रान्तवासी तथा उद्यमीलाई सहयोगको अनुरोध गर्ने मापदण्डको रूपमा व्यवस्थित पारी सङ्क्रमण स्थितिअनुसार ″फुकुओका कोरोना चेतावनी″ र ″फुकुओका कोरोना विशेष चेतावनी″ गरी दुई चरणको बनाइनेछ।

●सङ्क्रमण फैलिँदै गएको बेला र सङ्क्रमण नियन्त्रण भएको बेला गरी दुई भागमा विभाजन गरेर स्थापना गरी चौथो लहरको परिणाम र भेरियन्टको असरलाई मध्यनजर गर्दै प्रत्येक चरण लागू गर्ने मापकलाई राष्ट्रिय सरकारको चरण निर्धारण सूचकाङ्कको मानभन्दा कडा मान बनाइनेछ।

# सङ्क्रमण फैलिँदै गएको बेला

ネパール語(NP)

※ ① देखि ③को प्रत्येक सूचकाङ्कलाई मध्यनजर गर्दै "ध्यान दिनुपर्ने विषय"-को अवस्था पनि विचार पुर्‍याई नगरपालिका वा गाउँपालिका तथा विज्ञहरूको राय पनि सन्दर्भको लागि विचार गरेर सम्बन्धित कुराहरू समग्र रूपमा जाँच गरी चेतावनी जारी गर्ने या नगर्ने भनेर निर्णय गरिनेछ।

※ "फुकुओका कोरोना चेतावनी" जारी गरेपछि फुकुओका प्रान्तले सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू लागू गर्नेबारे राष्ट्रिय सरकारसित विचारविमर्श सुरु गरी चरण Ⅲ बराबरको स्तर (नोट 1) पुग्नासाथ उक्त उपायहरू लागू गर्न राष्ट्रिय सरकारलाई आग्रह गर्नेछ।

※ "फुकुओका कोरोना विशेष चेतावनी" जारी गरेपछि फुकुओका प्रान्तले सङ्कटकालमा अपनाइने उपायहरू लागू गर्नेबारे राष्ट्रिय सरकारसित विचारविमर्श गरी चरण Ⅳ बराबरको स्तर (नोट 2) पुग्नासाथ उक्त उपायहरू लागू गर्न राष्ट्रिय सरकारलाई आग्रह गर्नेछ।

सङ्क्रमण फैलिँदै गएको बेला

| मुख्य सूचकाङ्क | फुकुओका कोरोना चेतावनी जारी गर्ने मापक | फुकुओका कोरोना विशेष चेतावनी जारी गर्ने मापक |
|---|---|---|
| राष्ट्रिय सरकारले चरण निर्धारण गर्दा प्रयोग गरिने सूचकाङ्कहरू | चरण Ⅲ बराबर हुनुभन्दा पहिले | चरण Ⅳ बराबर हुनुभन्दा पहिले |
| ① थप पोजेटिभ सङ्क्रमितहरूको सङ्ख्या | 7 दिने चल्ती औसत (नोट 3)-को बढ्दो क्रम निरन्तर हुनुका साथै 3 दिने चल्ती औसत (नोट 3) बढेर 100 जना/दिनभन्दा धेरै हुने | 7 दिने चल्ती औसतको बढ्दो क्रम निरन्तर हुनुका साथै 3 दिने चल्ती औसत 180 जना/दिनभन्दा धेरै हुने |
| ② अस्पतालको बेड प्रयोग दर | 15% वा सोभन्दा बढी (करिब 210～220 जना) | 30% वा सोभन्दा बढी (करिब 420～440 जना) |
| ③ सिकिस्त बिरामीको लागि बेडको बेड प्रयोग दर | 10% वा सोभन्दा बढी (करिब 20 जना) | 20% वा सोभन्दा बढी (करिब 40 जना) |
| ※ ध्यान दिनुपर्ने विषय | ● भेरियन्ट पोजेटिभ सङ्क्रमितहरूको अनुपात बढ्ने क्रममा छ<br>● फुकुओका प्रान्तबाहिरबाट भित्र्याउने मान्छेको सङ्ख्या बढ्ने क्रममा छ | ● भेरियन्ट पोजेटिभ सङ्क्रमितहरूको अनुपात बढ्ने क्रममा छ |

नोट 1) 7 दिने चल्ती औसत 109 जना/दिन वा सोभन्दा धेरै, अस्पतालको बेड प्रयोग दर 20% वा सोभन्दा धेरै आदि
नोट 2) 7 दिने चल्ती औसत 182 जना/दिन वा सोभन्दा धेरै, अस्पतालको बेड प्रयोग दर 50% वा सोभन्दा धेरै आदि
नोट 3) पछिल्लो एक साताको (3 दिनको) थप पोजेटिभ सङ्क्रमितहरूको कुल सङ्ख्यालाई 7 (3) ले भाग गरेर आउने सङ्ख्या। 3 दिने चल्ती औसतले 7 दिनेभन्दा छिट्टै सङ्क्रमण फैलावटको लक्षण देखाउँछ।

# सङ्क्रमण नियन्त्रण भएको बेला

ネパール語(NP)

※① देखि ③को प्रत्येक सूचकाङ्कलाई मध्यनजर गर्दै "ध्यान दिनुपर्ने विषय"-को अवस्था पनि विचार पुर्याई नगरपालिका वा गाउँपालिका तथा विज्ञहरूको राय पनि सन्दर्भको लागि विचार गरेर सम्बन्धित कुराहरू समग्र रूपमा जाँच गरी राष्ट्रिय सरकारलाई सङ्कटकालमा अपनाइने उपायहरू (सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू) हटाउन आग्रह गर्ने निर्णय गरिनेछ।

※सङ्कटकालमा अपनाइने उपायहरू (सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू) हटाइँदा जारी भइरहेको "फुकुओका कोरोना विशेष चेतावनी" ("फुकुओका कोरोना चेतावनी") पनि एकै साथमा रद्द गरिनेछ।

← सङ्क्रमण नियन्त्रण भएको बेला

| मुख्य सूचकाङ्क | फुकुओका कोरोना चेतावनी हटाउने मापक (सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू हटाउने आग्रह गर्नको लागि जाँचिने मापक) | फुकुओका कोरोना विशेष चेतावनी हटाउने मापक (सङ्कटकालमा अपनाइने उपायहरू हटाउन आग्रह गर्नको लागि जाँचिने मापक) |
|---|---|---|
| राष्ट्रिय सरकारले चरण निर्धारण गर्दा प्रयोग गरिने सूचकाङ्कहरू | चरण Ⅱ बराबर वा सोभन्दा कम (नोट 2) भएपछि | चरण Ⅲ बराबर वा सोभन्दा कम (नोट 1) भएपछि |
| ① थप पोजेटिभ सङ्क्रमितहरूको सङ्ख्या | 7 दिने चल्ती औसत (नोट 3) को घट्दो क्रम निरन्तर हुनुका साथै 7 दिने चल्ती औसत 35 जना/दिन भन्दा कम हुने | 7 दिने चल्ती औसतको घट्दो क्रम निरन्तर हुनुका साथै 7 दिने चल्ती औसत 100 जना/दिन भन्दा कम हुने |
| ② अस्पतालको बेड प्रयोग दर | 20% भन्दा कम (करिब 280～300 जना) | 50% भन्दा कम (करिब 700～740 जना) |
| ③ सिकिस्त बिरामीको लागि बेडको बेड प्रयोग दर | 15% भन्दा कम (करिब 30 जना) | 30% भन्दा कम (करिब 60 जना) |
| ※ ध्यान दिनुपर्ने विषय | ● नयाँ भेरियन्टको प्रवृत्ति | ● नयाँ भेरियन्टको प्रवृत्ति |

नोट 1) 7 दिने चल्ती औसत 182 जना/दिनभन्दा कम, अस्पतालको बेड प्रयोग दर 50% भन्दा कम आदि
नोट 2) 7 दिने चल्ती औसत 109 जना/दिनभन्दा कम, अस्पतालको बेड प्रयोग दर 20% भन्दा कम आदि
नोट 3) पछिल्लो एक साताको थप पोजेटिभ सङ्क्रमितहरूको कुल सङ्ख्यालाई 7 ले भाग गरेर आउने सङ्ख्या।

# विगतमा सङ्क्रमण फैलिँदै गएको बेला गरिएका आग्रहहरूका उदाहरणहरू

ネパール語(NP)

※राष्ट्रिय सरकारले दिएको पछिल्लो आधारभूत प्रतिकारात्मक नीति तथा सम्बन्धित सूचनाबमोजिम फुकुओका प्रान्तले प्रान्तवासी तथा उद्यमीलाई गरिने आग्रहको विवरण मिलाएको छ। भविष्यमा गरिने आग्रहको विवरण परिवर्तन गरिने सम्भावना छ।

※सङ्क्रमण तीव्र गतिमा फैलिएको बेला आदिमा सङ्क्रमण रोकथामका उपायहरू चरणबद्ध रूपमा हटाउँदै जान नपाउने अवस्था पनि हुन सक्छ।

<table>
<tr><th rowspan="2">मुख्य आग्रहहरू</th><th colspan="2">फुकुओका कोरोना चेतावनी</th><th colspan="2">फुकुओका कोरोना विशेष चेतावनी</th></tr>
<tr><th>फुकुओका प्रान्त आफैले आग्रह गर्ने उपायहरू</th><th>सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू</th><th>सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू</th><th>सङ्कटकालमा अपनाइने उपायहरू</th></tr>
<tr><td rowspan="5">प्रान्तवासीलाई गरिएको आग्रह</td><td colspan="2">• दिनको समयमा समेत अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुने (विशेषगरि बेलुका 9 बजेपछि अझै)</td><td colspan="2">• दिनको समयमा समेत अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुने (विशेषगरि बेलुका 8 बजेपछि अझै)</td></tr>
<tr><td colspan="2">• अत्यावश्यकबाहेक अनावश्यक रूपमा एउटा प्रान्तबाट अर्को प्रान्तमा यात्रा नगर्ने<br>• खासगरि सङ्कटकालमा अपनाइने उपायहरू आदि लागू गरिएका प्रान्तहरूमा सकेसम्म नजाने र ती प्रान्तहरूबाट नआउने</td><td colspan="2">• एउटा प्रान्तबाट अर्को प्रान्तमा सकेसम्म यात्रा नगर्ने</td></tr>
<tr><td colspan="3">• व्यापार समय छोट्याउने अनुरोध नस्विकारेका रेस्टुरेन्टहरू प्रयोग नगर्न संयमित हुने</td><td>• पसल बन्द गर्ने (नखोल्ने)・व्यापार समय छोट्याउने अनुरोध नस्विकारेका रेस्टुरेन्टहरू प्रयोग नगर्न संयमित हुने</td></tr>
<tr><td colspan="2">• वर्ष–अन्तका पार्टी, स्वागत र बिदाइ पार्टी, आमाबुबालाई भेट्न घर जानेजस्ता हरेक वर्ष गरिने आवधिक कार्यक्रमहरू सकेसम्म नगर्ने</td><td colspan="2">• वर्ष–अन्तका पार्टी, स्वागत र बिदाइ पार्टी, आमाबुबालाई भेट्न घर जानेजस्ता हरेक वर्ष गरिने आवधिक कार्यक्रमहरू नगर्न संयमित हुने</td></tr>
<tr><td colspan="4">• बाटो वा पार्कमा समूहमै खानपिन गर्नेजस्ता सङ्क्रमण जोखिम उच्च पार्ने व्यवहार नगर्न संयमित हुने</td></tr>
</table>

<table>
<tr><th colspan="2" rowspan="2">मुख्य आग्रहहरू</th><th colspan="2">फुकुओका कोरोना चेतावनी</th><th colspan="2">फुकुओका कोरोना विशेष चेतावनी</th></tr>
<tr><th>फुकुओका प्रान्त आफैले आग्रह गर्ने उपायहरू</th><th>सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू</th><th>सङ्क्रमण फैलावट रोकथाम तथा नियन्त्रण आदिका महत्त्वपूर्ण उपायहरू</th><th>सङ्कटकालमा अपनाइने उपायहरू</th></tr>
<tr><td rowspan="8">उद्यमीलाई गरिएको आग्रह</td><td rowspan="2">रेस्टुरेन्ट</td><td>• बेलुका 9 बजेसम्ममा व्यापार समय छोट्याउने (मादक पदार्थ बिक्री-वितरण गर्न छुट)</td><td>• बेलुका 8 बजे अथवा बेलुका 9 बजेसम्ममा व्यापार समय छोट्याउने (मादक पदार्थ बिक्री-वितरण प्रमाणीकरण प्राप्त पसल आदिलाई मात्र सीमित)</td><td>• बेलुका 8 बजेसम्ममा व्यापार समय छोट्याउने (मादक पदार्थ बिक्री-वितरण प्रमाणीकरण प्राप्त पसल आदिलाई मात्र सीमित)</td><td rowspan="2">• पसल बन्द गर्ने (नखोल्ने) अथवा बेलुका 8 बजेसम्ममा व्यापार समय छोट्याउने (मादक पदार्थ बिक्री-वितरण गर्न निषेध)<br>• काराओके सुविधाको सेवा प्रदान गर्न निषेध (काराओके बक्ससहित)</td></tr>
<tr><td colspan="3">• काराओके सुविधाको प्रयोग नगर्न संयमित हुने (काराओके बक्सबाहेक)</td></tr>
<tr><td rowspan="2">धेरै ग्राहक आउने सुविधा</td><td>• बेलुका 9 बजेसम्ममा व्यापार समय छोट्याउन आह्वान</td><td>• बेलुका 8 बजे अथवा बेलुका 9 बजेसम्ममा व्यापार समय छोट्याउने (इभेन्ट सम्पन्न हुने बेला बेलुका 9 बजेसम्म)</td><td>• बेलुका 8 बजेसम्ममा व्यापार समय छोट्याउने (इभेन्ट सम्पन्न हुने बेला बेलुका 9 बजेसम्म)</td><td>• शनिबार र आइतबार ठूला व्यापार-व्यवसाय सुविधा आदि बन्द गर्ने<br>• बेलुका 8 बजेसम्ममा व्यापार समय छोट्याउने (इभेन्ट सम्पन्न हुने बेला बेलुका 9 बजेसम्म)</td></tr>
<tr><td colspan="4">• सुविधामा प्रवेश गर्न मानिसहरूको समायोजन र मार्गदर्शन गर्न पूर्ण प्रयास गर्ने</td></tr>
<tr><td>प्रान्तद्वारा सञ्चालित सुविधा</td><td>• बेलुका 9 बजेसम्ममा व्यापार समय छोट्याउने</td><td>• बेलुका 8 बजे अथवा बेलुका 9 बजेसम्ममा व्यापार समय छोट्याउने</td><td colspan="2">• सामान्यतया भवन बन्द गर्ने</td></tr>
<tr><td>इभेन्ट</td><td>• तलका ① वा ② मध्ये कुनै सानो सङ्ख्या<br>① भवनको अटाउने क्षमता (चर्को आवाजविना 100%, चर्को आवाजसहित 50%)<br>② 5 हजार जना वा भवनमा अटाउने सङ्ख्याको 50% मध्ये कुनै ठूलो सङ्ख्या<br>• फुकुओका प्रान्तद्वारा आयोजित इभेन्टमा पनि एउटै नियम लागू गरिने</td><td colspan="2">• 5 हजार जना वा सोभन्दा कम (भवनको अटाउने क्षमता चर्को आवाजविना 100%, चर्को आवाजसहित 50% भित्र)<br>• मादक पदार्थ बिक्री-वितरण गर्न निषेध<br>• बेलुका 9 बजेसम्म<br>• फुकुओका प्रान्तद्वारा आयोजित इभेन्टमा पनि एउटै नियम लागू गरिने</td><td>• 5 हजार जना वा सोभन्दा कम अनि भवनको अटाउने क्षमताको 50% वा सोभन्दा कम<br>• मादक पदार्थ बिक्री-वितरण गर्न निषेध<br>• बेलुका 9 बजेसम्म<br>• प्रान्तद्वारा सञ्चालित इभेन्टहरू सामान्यतया रद्द वा स्थगित गरिने</td></tr>
<tr><td>कार्यस्थल</td><td colspan="2">• कार्यस्थलमा आउने कामदारको सङ्ख्या 70% घटाउने लक्ष्य राखेर घरबाट अफिसको काम गर्न पूर्ण रूपले प्रयास गर्ने<br>• अफिसमा आउनुपर्ने अवस्था भए पनि कामदारहरू अफिसमा आउने समय फरक-फरक बनाउनेजस्ता मानिसहरूसँगको सम्पर्क कम गर्ने प्रयासलाई अगाडि बढाउने<br>• बेलुका 9 बजेभन्दा पछिको कार्यलाई नियन्त्रण गर्ने</td><td colspan="2">• कार्यस्थलमा आउने कामदारको सङ्ख्या 70% घटाउने लक्ष्य राखेर घरबाट अफिसको काम गर्न पूर्ण रूपले प्रयास गर्ने<br>• अफिसमा आउनुपर्ने अवस्था भए पनि कामदारहरू अफिसमा आउने समय फरक-फरक बनाउनेजस्ता मानिसहरूसँगको सम्पर्क कम गर्ने प्रयासलाई अगाडि बढाउने<br>• बेलुका 8 बजेभन्दा पछिको कार्यलाई नियन्त्रण गर्ने</td></tr>
<tr><td colspan="2">जस्तोसुकै सङ्क्रमण स्थिति भए पनि सावधानी अपनाउन गरिने आग्रह</td><td colspan="4">■"सान-मिचु"-बाट टाढा रहनेजस्ता आधारभूत सङ्क्रमण रोकथाम उपायहरू कडाइका साथ अपनाउने<br>■सङ्क्रमण फैलिरहेको क्षेत्रमा अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा यात्रा नगर्ने<br>■घरबाट अफिसको काम गर्ने र अफिसमा आउने समय फरक-फरक बनाउने उपायहरूलाई अगाडि बढाउने<br>■घरबाहिर निस्किने बेला सङ्क्रमण रोकथामका आधारभूत उपायहरूलाई कडाइका साथ पालन गर्ने<br>■रेस्टुरेन्ट प्रयोग गर्दा सङ्क्रमण जोखिम उच्च पार्ने व्यवहार नगर्न पूर्ण प्रयास गर्ने<br>■व्यवसाय प्रकारअनुसारको कार्यढाँचा अपनाउने</td></tr>
</table>